नेपाल सरकार
राष्ट्रिय परीक्षा बोर्ड
सानोठिमी, भक्तपुरको

# परीक्षाफल प्रकाशन सम्बन्धी विज्ञप्ती

राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरद्वारा २०८१ साल वैशाख २८ गतेदेखि ऐ. जेठ ६ गतेसम्म सञ्चालन भएको कक्षा ११ को ग्रेडवृद्धि परीक्षाको परीक्षाफल राष्ट्रिय परीक्षा बोर्डको मिति २०८१/०५/२१ गतेको निर्णयानुसार प्रकाशन गरिएको छ । परीक्षाफलको विवरण निम्नानुसार रहेको छ ।

| विवरण | सख्या | कैफियत |
|---|---|---|
| सम्मिलित परीक्षार्थी | १०८० | |
| D+ वा सोभन्दा माथिल्लो ग्रेड प्राप्त गर्ने परीक्षार्थी | ५७१ | |

<u>परीक्षाफल सम्बन्धी जानकारी तपसिल बमोजिमको Website, SMS Service र IVR Service बाट प्राप्त गर्न सकिनेछ :</u>

**Website :**

१. राष्ट्रिय परीक्षा बोर्डको website: www.neb.gov.np
२. नेपाल टेलिकमको website : https://neb.ntc.net.np

**SMS सेवा :**

१. नेपाल टेलिकमको १६०० मा SMS गर्ने तरिका : NEB <space> Symbol No. टाईप गरी **१६००** मा SMS गर्ने ।

**IVR सेवा :**

१. नेपाल टेलिकमको १६०१ नम्बरमा डायल गरी प्राप्त निर्देशानुसार नतिजा प्राप्त गर्न सकिने छ ।

**USSD सेवा :**

१. *१६०१# नम्बरमा डायल गरी प्राप्त निर्देशानुसार नतिजा प्राप्त गर्न सकिने छ ।

पुनश्चः-

१. अक्षराङ्कन पद्धतिबाट कक्षा ११ र १२ को परीक्षामा सहभागी भई दुवै कक्षामा प्रत्येक विषयका सैद्धान्तिक परीक्षामा कम्तिमा D+ र प्रयोगात्मक परीक्षामा कम्तिमा C ग्रेड प्राप्त गर्ने परीक्षार्थीहरूले नतिजा प्रकाशन भएको मितिले १० दिन पश्चात् मात्र ट्रान्सक्रिप्ट, माईग्रेसन र प्रोभिजनल (TMP) प्रमाणपत्रका लागि रसिद काट्न सक्नेछन् ।

२. कक्षा ११ को परीक्षाफल प्रकाशन पश्चात् आफूले प्राप्त गरेको कुनै विषयको ग्रेडमा चित्त नबुझी पुनर्योग गर्न चाहने परीक्षार्थीहरूले प्रति विषय रु. ५००।- (पाँच सय) का दरले दस्तुर बुझाई पुनर्योगका लागि ग्रेडसिट वा website बाट डाउनलोड गरेको ग्रेडसिट संलग्न गरी परीक्षाफल प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन (२०८१ असोज ७ गते, उक्त दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्टसम्म) राष्ट्रिय परीक्षा बोर्डको ***Website : www.neb.gov.np मा Retotaling Online Payment*** मार्फत आवेदन दिनुपर्नेछ ।

३. कक्षा ११ को परीक्षाफल प्रकाशनमा कुनै त्रुटि (अनुपस्थित, विषय फरक पर्ने, नाम थर, रजिष्ट्रेशन नम्बर फरक पर्ने आदि) देखिएमा बोर्डका सम्बन्धित प्रदेश परीक्षा व्यवस्थापन कार्यालय/शाखा कार्यालयहरू वा **राष्ट्रिय परीक्षा बोर्ड, सानोठिमी, भक्तपुरमा नतिजा प्रकाशन भएको मितिले ६ महिनाभित्र** आवश्यक कागजातसहित निवेदन पेश गर्नु पर्नेछ । म्याद नाघी आएका र रित नपुगेका निवेदन उपर कुनै कारवाही नहुने व्यहोरा समेत जानकारीका लागि अनुरोध छ ।

४. नतिजामा प्राविधिक कारणले कुनै त्रुटि भएमा परीक्षा नियन्त्रण कार्यालयको अभिलेखबाट सच्याइने छ ।

- परीक्षा नियन्त्रक
मिति : २०८१/०५/२१